फो.नं.५६०११८
फ्याक्स ५६१३८०
दमकल ५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:२०७६/०७७ (कानून शाखा)
च.नं. ६३४

## सूचना ! सूचना !! सूचना !!!

**(दोश्रो पटक प्रकाशित मिति:-२०७६/०६/३० गते )**

यस टीकापुर नगरपालिका न्यायिक समितिको मिति २०७६/०४/१५ र २०७६/०६/१२ गते बसेको बैठकको निर्णय अनुसार न्यायिक कार्य छिटो, छरितो, सरल, सहज रुपमा सम्पादन गर्नका लागी वडा नं. १ देखी ९ सम्म गठन गरिने मेलमिलाप केन्द्रमा मेलमिलाप कर्ताहरुको आवश्यक्ता पर्न गई सूचिकृतका लागी मिति २०७६/०६/१३ गते प्रथम पटक प्रकाशित गरिएको १५ दिने सूचना बमोजिम विविध कारणले अधिकांश तालिम प्राप्त मेलमिलापकर्ताहरु सूचिकृत हुन नसकि छुट हुन गएको भनी गुनासो प्राप्त भएको हुँदा सूचनाको म्याद थप गरी सूचना प्रकाशित भएको मितिले ७ दिन ( मिति २०७६/०७/०६ गते) भित्र तपशिलमा उल्लेखित मापदण्ड पुरागरेका ईच्छुक व्यक्तिहरुले यस कार्यालयको कानून शाखामा मेलमिलाप कर्ता सूचिकृतका साथै यस कार्यालयमा आ.व. ०७५/०७६ मा सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई अद्यावधिका लागि निवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

**तपशिल**

(क) कम्तिमा माध्यामिक तह उत्तिर्ण गरेको,
(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,
(ग) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलाप कर्ताको कार्य गर्दै आएको,
(घ) २५ वर्ष उमेर पुरा गरेको,
(ङ) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिनेछ ।
(च) टीकापुर नगरपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ ।
(छ) नेपाली नागरिक हुनु पर्नेछ ।

**आवश्यक कागजातहरु :**

(क) नेपाली नगरिक्ताको प्रमाण पत्रको प्रतिलिपी,
(ख) शैक्षिक योग्यताको हकमा प्रमाण पत्रको प्रतिलिपी,
(ग) मेलमिलाप सम्बन्धि तालिमको प्रमाण पत्रको प्रतिलिपी,
(घ) स्थायी बसोबास सम्बन्धि प्रमाण पत्रको प्रतिलिपी (अन्यत्रबाट बसाई सरी आएका व्यक्तिको हकमा)
(ङ) हालसालै खिचेको २ प्रति फोटो,
(च) सक्कलै निवेदन ।

...................................
(चुरामणि पन्थी )
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत